प्रस्तावहरुः

१. राष्ट्रपति रनिङ शिल्ड सञ्चालन सम्बन्धमा ।
२. आर्थिक वर्ष २०८१/८२ को पहिलो सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन सम्बन्धमा ।
३. जग्गा पास लिने सम्बन्धमा ।
४. मानसिक तथा मनोसामाजिक समस्या प्रभावित ब्यक्तिहरुको लागि विशेष सहयोग सम्वन्धी कार्यविधी २०८१ सम्बन्धमा ।
५. वडागत रुपमा प्रस्तावित खानेपानी पहुँच नपुगेका समुदायकोलागी योजना प्राथमिकिकरण सम्बन्धमा ।
६. म्याद थप सम्बन्धमा ।
७. विविध सम्बन्धमा ।

निर्णयहरुः

१. ऐरावती गाउँपालिका स्तरीय राष्ट्रपती रनिङ शिल्ड प्रतियोगीता मिति २०८१ पौष १२ गते देखि १४ गते सम्म ऐरावती खेल मैदान झिवाङमा सञ्चालन गर्ने निर्णय गरियो ।
२. ऐरावती गाउँपालिका वडा नं. ४ अन्तर्गत कैरन खोलामा वर्षातका कारण बाढी आई माटो जम्मा गरी खोला बस्तिमा पस्न लागेकोले बस्ति बचाउनको लागि माटो हटाउन प्राविधक ईष्टिमेटका आधारमा विपद् ब्यवस्थापन कोषबाट भुक्तानी हुने गरी वडा प्राविधिक बल बहादुर रोका मगरको नाममा कार्यादेश दिने र माटो हटाउने काम गर्ने निर्णय गरियो ।
३. ऐरावती गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को पहिलो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम ऐरावती गाउँपालिका वडा नं. ६ बिजुलीमा मिति २०८१ पौष ५ गते सञ्चालन गर्ने निर्णय गरियो ।
४. ऐरावती गाउँपालिका वडा नं ५ मा रहेको महेन्द्र मा.वि. सराङवेसीको भौतिक पूर्वाधार निर्माणको लागि नेपाल स्थित भारतीय दुतावासमा आयोजना पेश गर्ने प्रयोजनार्थ आवश्यक पर्ने विद्यालयको डि.पि.आर निर्माणको लागि भौतिक पूर्वाधार तथा प्राविधिक शाखालाई निर्देशन दिने र आवश्यक बजेट सेवा परामर्श शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

५. ऐरावती गाउँपालिका वडा नं २ (साबिकको बरौला गा.वि.स. वडा नं. ८) निवासी टेकलाल उपाध्यायका छोरा मुकुन्दराज उपाध्यायले ऐरावती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई आवश्यक पर्ने जग्गा ऐरावती गाउँपालिका वडा नं. २ मा पर्ने कित्ता नम्बर १३९३ को क्षेत्रफल१६१८ वर्ग मिटर मध्ये १ सय ३० वर्ग मिटर जग्गाको जम्मा रकम रु ७५,७०० बरारबरको मूल्य कायम गरी गाउँपालिकाको नाममा पास गर्नको लागि गाउँपालिकामा अमिन पदमा कार्यरत बिशाल भट्टलाई खटाईउने निर्णय गरियो।

६. Construction of Barula Brihat Water Supply project ठेक्का नं. 10/ARM/NCB/2077-078 Water Supply को सम्झौता भएको भिमेश्वर/प्रतिभा/सत्यवती जे.भि. निर्माण सेवा, काठमाण्डौले मिति २०८१/०७/०९ गते पेश भएको म्याद थप निवेदन उपर छलफल तथा परामर्श गर्दा, स्थलगत अनुगमन तथा प्राविधिक प्रतिवेदन समेतका आधारमा आगामी गाउँ सभाबाट अनुमोदन गर्ने गरी एक पटकका लागि शुरु लागत अनुमानको दरभन्दा बढी नहुने र तत्काल काम शुरु गरी २०८२ असार मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो।

७. मानसिक तथा मनोसामाजिक समस्या प्रभावित ब्यक्तिहरुको लागि विशेष सहयोग सम्वन्धी कार्यविधी २०८१ सर्वसम्मत रुपमा पास गरी लागु गर्ने निर्णय गरियो।

८. ऐरावती गाउँपालिका वडा नं. ३ नौघाट रोल्नाखोलामा गएको धुले पहिरो नियन्त्रणका लागि विपद् ब्यवस्थापन कोषबाट रु १ लाख भुक्तानी दिने निर्णय गरियो।

९. ऐरावती गाउँपालिका वडा नं. ३ जाबुने चुत्रेनी तिल्केनी सडक खण्डमा मिति २०८१/०६/१२ गतेको अविरल वर्षाका कारण सडकमा पहिरो गई रोकिएकोले मर्मत गर्नको लागि प्राविधिक ईष्टिमेट अनुसार विपद् ब्यवस्थापन कोषबाट भुक्तानी दिनेगरी मर्मत गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

१०. ऐरावती गाउँपालिका वडा नं. १ र अर्घाखाची जिल्ला जोड्ने सडक अन्तर्गत बंसारी देखि ठुलो ढुङ्ग्रे र छेडाघाट देखि दमार सडक खण्डमा झिमरुक नदिमा आवत जावत गर्नको लागि घाट निर्माण गर्नुपर्ने भएकोले प्राविधिकको ईष्टिमेट अनुसार निर्माण गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

११. नेपाल राष्ट्रिय माध्यमिक विद्यालय झिमरुक गाउँपालिका वडा नं. ६ मर्काबाङ प्यूठानको स्वर्ण महोत्सवको लागि रु २० हजार आर्थिक सहयोग गर्ने निर्णय गरियो।

१२. ऐरावती गाउँपालिका वडा नं. ३ कुम्रीमा पहिरो नियन्त्रणको लागि आवश्यक पर्ने बजेट ईष्टिमेट अनुसार विपद् ब्यवस्थापन कोषबाट भुक्तानी हुनेगरी काम गर्न पूर्वाधार शाखालाई निर्देशन दिने निर्णय गरियो।

१३. ऐरावती गाउँपालिका भित्र खानेपानीको पहुँचमा नपुगेको समुदायमा खानेपानीको पहुँच पुराउनको लागि तपसिलका मापदण्ड निर्धारण गर्ने निर्णय गरियो।

**योजना प्रथमिकिकरणाका लागि आधारभुत मापदण्डहरु**

१. आधारभुत खानेपानी सेवाको पहुँचमा समुदायको स्थिति

२. समुदायमा विद्यमान खानेपानी सेवाको अवस्था (सेवा स्तर)

३. समुदायमा लगानी मैत्री वातावरणको अवस्था

खानेपानी योजनाहरु मर्मत संभार,सेवा विस्तार तर्फका प्रस्तावित योजनाका लागी

१. योजनामा संरचना सहितको विद्यमान भोतिक अवस्था

२. उपभोक्ता समितिको संस्थागत तथा व्यवस्थापकिय पक्ष

३. समुदायमा लगानी मैत्री वातावरणको अवस्था

साथै पहिलो, दोस्रो, तेस्रो वर्ष कार्यन्वयन गर्ने योजनाहरुका साथै क्रमागत गर्ने योजनाहरुको सुची nwash system मा राखिने निर्णय गरियो।
पहिलो वर्ष भन्नाले आ वा २०८२ (० वर्ष) बुझिने छ भने प्राथमिकता क्रम १ मा परेका नयाँ र मर्मत दुवै लाई जनाउने छ। त्यसैगरी, लगानीको बाडफाड प्रतिशतमा यस प्रकार रहने छ।

१. पालिका बाट विनियोजन तथा कार्यन्वयन: पालिका (९० %) उपभोक्ता (१० %)

२. पालिका तथा प्रदेश बाट विनियोजन तथा कार्यन्वयन: पालिका (१५ %) - प्रदेश (७५ %)- उपभोक्ता (१० %)

३. पालिका तथा संघ बाट विनियोजन तथा कार्यन्वयन: पालिका (१० %)- संघ (८० %)- उपभोक्ता (१० %)
साथै खानेपानी योजना अन्तर्गत सेवाग्राही बाट महसुल निर्धारण, मीटर जडान आदि गरि ५ % लगानी सुनिश्चित गरिनेछ।

नविल विक्रम शाह
अध्यक्ष